"समुन्नत नेपालका लागि उद्यमी तथा उद्योगको सशक्तिकरण"

# औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

त्रिपुरेश्वर, काठमाडौँ

# स्टार्टअप कार्यक्रम २०७४/७५

## १. संस्थागत पृष्ठभूमि

औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको स्थापना "औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन २०५३" अन्तर्गत, २०५३ साल कार्तिक १९ गते भएको हो । वि.सं. २०४० मा तत्कालीन जर्मन प्राविधिक सहयोग नियोग (GTZ) को सहयोगमा साना व्यवसाय प्रवर्द्धन आयोजना (Small Business Promotion Project) का रूपमा सुरु भएको थियो । यस प्रतिष्ठानले राष्ट्रको औद्योगिक विकासका लागि उद्यमशीलता विकास, व्यवसाय व्यवस्थापन, कार्यमूलक अनुसन्धान तथा उद्योग व्यवसायको विकासका लागि आवश्यक जनशक्तिको विकास गरी उद्योग व्यवसाय क्षेत्रको विकासबाट अर्थ व्यवस्थालाई सबल तुल्याउन विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

## २. प्रतिष्ठानको मुख्य उद्देश्य

(क) उद्योग व्यवसायको विकास कार्यमा संलग्न संघसंस्थाहरूको जनशक्ति विकास कार्यमा सहयोग पुऱ्याउन त्यस्ता संस्थाहरूको मागमा आधारित प्रशिक्षक प्रशिक्षण, गुणस्तर व्यस्थापन, सम्भाव्यता अध्ययन र परामर्श सेवाजस्ता सेवाहरू प्रदान गर्ने ।

(ख) उद्योग व्यवसायको विकासका लागि गुणात्मक सेवा प्रदान गर्न आवश्यकतानुसार कार्यमूलक अनुसन्धान गर्ने ।

(ग) सेवामूलक संस्थाको रूपमा उद्योग व्यवसाय क्षेत्रको प्राविधिक, उद्यमशीलता र व्यवस्थापनसम्बन्धी ज्ञान तथा सीप विकास गर्नका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।

(घ) स्वदेशी कच्चापदार्थ वा स्वदेशी र विदेशी कच्चापदार्थमा आधारित उद्योग व्यवसायको सम्भाव्यता अध्ययन, अनुसन्धान तथा विकासमा जोड दिने ।

(ङ) उद्योग व्यवसाय विकासका लागि आवश्यक संस्थाहरूको स्थापना र विकास गर्ने ।

## ३. प्रतिष्ठानको लक्षित समूह

(क) उद्योग व्यवसाय गर्न चाहने सम्भाव्य उद्यमीहरू

(ख) उद्योग व्यवसाय सञ्चालन गरिररहेका उद्यमी, व्यवसायीहरू

(ग) उद्योग व्यवसायको विकासमा संलग्न व्यक्ति तथा संघसंस्थाहरू

## ४. स्टार्टअप कार्यक्रमको पृष्ठभूमि

विकसित मुलुकमा ३ दशकदेखि चर्चामा रहे पनि नेपालमा भने स्टार्टअपबारेको अवधारणा तथा कार्यक्रम सञ्चालनको सुरुआति चरणमै छ । केही सरकारी तथा निजी क्षेत्रका संघसंस्थाहरूले यस क्षेत्रमा काम गर्न थालेका भए पनि आवश्यक मात्रामा यस्ता कार्यक्रम सञ्चालन हुन सकेको देखिदैन । त्यसैले हाल नेपालमा सिर्जनशील तथा उर्जाशील युवाहरूको अध्ययन, अनुसन्धान, अन्वेषणमा आधारित वा उद्यम व्यवसाय गर्ने कुनै नवीनतम सोच वा क्षमतालाई व्यावसायीकरण गर्न सहयोग पुग्ने तथा उत्प्रेरित गर्ने किसिमका कार्यक्रमहरूको आवश्यकता टड्कारो रूपमा महसुस भइरहेको छ । यसै आवश्यकतालाई सम्बोधन गर्नका लागि यस औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले आ.व. २०७३/७४ देखि स्टार्टअप कार्यक्रम सञ्चालन गरेको हो ।

## ५. स्टार्टअप कार्यक्रम के हो ?

स्टार्टअप भनेको अध्ययन, अनुसन्धान, अन्वेषणमा आधारित वा उद्यम व्यवसाय गर्ने कुनै नवीनतम सोच वा क्षमता भन्ने बुझिन्छ । अर्को शब्दमा नवीनतम सोच भएका र बजारमा चाँडो विस्तार हुन सक्ने सम्भावना भएका व्यवसायलाई स्टार्टअप भन्ने गरिन्छ । त्यस्ता नवीनतम सोच वा अध्ययन, अनुसन्धान, अन्वेषणलाई यस्ता सोच वा सम्भावना भएका सबै युवाहरूले कार्यान्वयन गर्न सक्ने अवस्था नहुने वा कार्यान्वयन गर्न कठिन हुने हुँदा सरकार वा अन्य उद्यम व्यवसाय प्रवर्द्धनमा लागेका क्षेत्रबाट सुरुको लगानीदेखि परिपक्व हुन्जेलसम्म सहायता तथा सहुलियत दिनु स्टार्टअपको मुख्य विशेषता हो ।

## ६. कार्यक्रमको उद्देश्य

- आ.व. २०७४/७५ मा ५ जना अध्ययन, अनुसन्धान, अन्वेषणमा आधारित वा उद्यम व्यवसाय गर्ने कुनै नवीनतम सोच वा क्षमता भएका वा विस्तार उन्मुख ५ जना युवा उद्यमीहरू पहिचान गरी उद्यम व्यवसाय स्थापना, सञ्चालन तथा विस्तारको लागि आवश्यक सहयोग गर्ने,
- नेपालमा उद्यमशीलताको प्रवर्द्धन तथा विकास गर्नका लागि निजी क्षेत्रसँग सहकार्य गर्ने,
- नेपालमा उद्यमशीलताको प्रवर्द्धन तथा विकास गर्नका लागि सार्वजनिक निजी क्षेत्रको बीच उद्यमशील पर्यावरणीय वातावरण सिर्जना गर्ने,
- आगामी वर्षहरूमा यो कार्यक्रम यस प्रतिष्ठानका शाखा कार्यालयहरूमा पनि सञ्चालन गर्दै जाने ।

## ७. कार्यक्रम सञ्चालन प्रक्रिया

- कार्यक्रमको प्रवर्द्धन
- आवेदन सङ्कलन,
- आवेदन फाराम तथा व्यावसायिक बिचारको प्रस्तुतीकरणको आधारमा २० जना सम्भावित उद्यमीहरूको छनोट,
- छनोट भएका २० जना सम्भावित उद्यमीहरूका लागि उद्यमशीलतासम्बन्धी ३ दिनको अभिमूखीकरण कार्यक्रम र १० दिनको बुट क्याम्प सञ्चालन,
- बुट क्याम्पमा प्रस्तुतीकरण गरिएका व्यावसायिक योजनाको आधारमा ५ जना सम्भाव्य उद्यमीहरूको छनोट (न्यूनतम लगानी जग्गाबाहेक रु. बीस लाख),
- छनोट भएका ५ जना सम्भाव्य उद्यमीहरूका लागि विभिन्न व्यवस्थापनविज्ञ तथा परामर्शदाता (mentor) हरूबाट आवश्यक सरसल्लाह तथा परामर्श प्रदान गरी सहयोग गर्ने,
- अभिमूखीकरण कार्यक्रम र बुट क्याम्पमा सहभागी भएका तर स्टार्टअपका लागि छनोटमा नपरेका सहभागीहरूमध्येबाट पनि कम्तिमा ६० प्रतिशतले व्यवसाय सुरु गर्नुपर्ने ।

## ८. आवेदन दिनका लागि आवश्यक योग्यता

- नेपाली नागरिक
- उमेर : २१ देखि ४५ वर्षसम्म
- न्यूनतम शैक्षिक योग्यता : १२ कक्षा उत्तीर्ण
- अध्ययन, अनुसन्धान, अन्वेषणमा आधारित वा नवीन व्यावसायिक सोच भएको
- व्यवस्थापन वा प्राविधिक विधामा अध्ययन गरेकालाई विशेष प्राथमिकता दिइने ।

## ९. कार्यक्रमबाट बर्हिगमन

- दुई वर्ष सहयोगपछि वा पूँजी लगानी रु. डेढ करोड (जग्गाबाहेक) पुगेपछि मध्ये जुन स्थिति पहिला हुन्छ त्यति बेलासम्म मात्र उक्त उद्यमीहरूलाई स्टार्टअप कार्यक्रमअन्तर्गत सहभागी गराइनेछ ।

## १०. कार्यक्रम सञ्चालन तालिका

| क्र.सं | कार्यक्रम | मिति |
|---|---|---|
| १ | आवेदन दिने अन्तिम मिति | २०७४ माघ ८ गते |
| २ | सम्पर्क मिति | २०७४ माघ ९ गते |
| ३ | व्यावसायिक विचारको प्रस्तुतीकरण | २०७४ माघ ११ र १२ गते |
| ३ | अभिमूखीकरण कार्यक्रम र बुट क्याम्पको लागि छनोटको नतिजा प्रकाशन | २०७४ माघ १४ गते |
| ४ | अभिमूखीकरण कार्यक्रम सञ्चालन | २०७४ माघ १७ देखि १९ गतेसम्म |
| ५ | बुट क्याम्प सञ्चालन तथा सहभागीहरूद्वारा व्यवसाय विज्ञ तथा वित्तीय संस्थाका प्रतिनिधिहरू सामु व्यावसायिक योजनाको प्रस्तुतीकरण | २०७४ माघ २१ देखि फागुन ३ गतेसम्म |
| ६. | स्टार्टअपको लागि सहभागीको छनोट | २०७४ फागुन १० |
| ७. | आवश्यक परामर्श, सल्लाह सुझाव तथा सहयोग प्रदान | दुई वर्ष सहयोगपछि वा पूँजी लगानी रु. डेढ करोड (जग्गा बाहेक) पुगेपछि जुन स्थिति पहिला हुन्छ |

**सम्पर्क फोन नं :४२६१३३९/४२६१४६९/४२६६१६२/४२६६१६३**